**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

# बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः ख          संख्याः ३०                    प्रमाणीकरण मितिः २०७७/०४/०१

**भाग-२**

**बढैयाताल गाउँपालिका**

## बढैयाताल गांउपालिका

## लैङ्गिक समानता रणनीति  २०७७

### बढैयाताल गाउँपालिकाको चिनारी

बढैयाताल गाउँपालिका नेपालको ५ नं प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्दछ ।  यस गाउँपालिकाको अन्य बिशेषताका रुपमा बढैया ताल, प्राचिन कालिका मन्दिर, दुई मोहना, नागमणि नाथ आदि जसले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्ने गरेकोछ । यस गाउँपालिका समुद्री सतहबाट १४३ मिटरदेखि १५७ मिटरसम्मको उचाइमा अवस्थित छ भने ११५.१९ वर्ग कि.मी.क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा बाँसगढी पालिकापश्चिमतिर गुलरिया पालिका, दक्षिणमा भारत रहेको छ भने पूर्वमा बाँके जिल्ला रहेको छ । बढैयाताल गाउँपालिकालाई २०७३/११/२७ गते गाउँपालिका घोषणा गरिएको हो ।

बर्दिया जिल्लामा नयाँ गठन भएका गाउँपालिका तथा पालिकाहरुमा विकासको सम्भावना बोकेको गाउँपालिकाको रुपमा बढैयाताल गाउँपालिका रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । घरधुरी सर्वेक्षण २०७४ को तथ्याङ्क अनुसार सबैभन्दा धेरै १९,५७१ अर्थात ३९.२ प्रतिशत तराई जनजाती, दोस्रोमा १३,४५२ अर्थात २६.९ प्रतिशत ब्राह्मण क्षेत्रीहरू, तेस्रोमा पहाडी दलित, चौथो र पाँचौमा क्रमश जनजाती र तराइ अन्य तराई क्षेत्रमा रहेको यस गाउँपालिकामा कृषि, व्यापार, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा

रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोत व्यापार, उद्योग, साथै विकल्पमा नोकरी साथै वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस गाउँपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने निजी र सामुदायिक गरेर ५३ विद्यालय रहेका छन् । अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/ पालिकातथा जिल्लाबाट समेत आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्

## २. पृष्ठभूमि

नेपालको संविधान २०७२ ले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा विभेदरहित, समृद्धि, सामाजिक न्याय र न्यायपुर्ण समाजको निर्माण गर्ने संकल्प गरेको छ ।

समानताको सिद्धान्त र मौलिकहकको धारा १८ ले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । राज्यले नागरिकहरुका बीच उत्पत्ति, धर्म, वर्ण, जात जाती, लिंग आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनि स्पष्ट ब्याख्या गरेको छ । धारा १६ ले हरेक नागरिकको सम्मानपूर्वक बाँच्न पाउनेहकलाई सुनिश्चित गरेको छ । धारा ३८ ले महिलाको हक (१) ले प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुने ब्यबस्था गरेको छ भने उपधारा (२) ले प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हकको ब्यबस्था गरेको छ । उपधारा (३) ले महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने कुरा स्पष्ट गरेको छ । यसै गरी उपधारा (४) ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको ब्यबस्था गरेको छ भने उपधारा (५) ले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने कुरा सपष्ट गरेको छ । उपधारा (६) मा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने ब्यबस्था गरेको छ । धारा ४२. ले सामाजिक न्यायको हकको ब्यबस्था गरेको छ । नेपालको संविधान द्धारा प्रदप्त अधिकारलाई सुनिश्चित गर्दै लैङ्गिक रूपले समावेशी र समतामूलक समाज निर्माणको शिलशिलामा स्थानिय सरकारले आफ्नो कार्यक्रम सञ्चालनमा लैङ्गिक समानता हासिल गर्न लैङ्गिक नीति/रणनीतिहरू निर्माण गर्ने क्रममा छन् ।

लैङ्गिक भेदभाव मुक्त, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागिबर्दिया जिल्लाको बढैयाताल गाउँपालिकाले महिला र लैगिंक तथा यौनिक अल्पसंख्यकहरूको समान सहभागिता, समान अवसर, क्षमता अभिबृद्धि, र नेतृत्वदायि भूमिकालाई सशक्त बनाउँदै सबै महिलाहरु र यौनिक तथा लैगिंक अल्पसंख्यकहरूको समान हैसियत भएका नागरिकको रुपमा सम्मानपूर्वक बाँच्न पाउने वातावरण निर्माण गरी लैंङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न लैङ्गिक समानता रणनीतिको आवश्यकता महसुस गरी “लैङ्गिक समानता रणनीति, २०७७” तर्जुमा गरी लागू गरेको छ । यो नीति बढैयाताल गाउँपालिकाको लैगिंक समानतालाई प्रबर्द्धन गर्ने ५ बर्षे रणनीति हो । यो नीतिलाई लैंगिक मैत्री (सबै लिङ्गका नागरिकहरु समान रुपले, समान अधिकार उपभोग गर्दै , सम्मानका साथ बाँच्न सक्ने बातावरण ) बनाउने भन्ने उद्देश्यले तयार गरिएको छ । यो रणनीति कुनै पनि व्यक्तिलाई उसको लिङ्गको आधारमा कुनैपनि सामाजिक मूल्यमान्यता र समाजमा रहेको असमान शक्ति सम्बन्धबाट हुने विभेद र हिंसाको विरुद्धमा केन्द्रित छ ।संविधान प्रदत्तः अधिकारहरुको कार्यान्वय गर्ने स्थानीय तहको जिम्मेवारी हो । यसर्थ यस रणनीतिले विशेषत महिला र लैंगिक तथा यौनिक अल्पसंख्यकहरुको समानुपातीक सहभागीता, समानता, र सामाजिक न्यायको अधिकारलाई सम्बोधन गर्नेछ ।

## ३. लैगिंक समानता हाँसिल गर्न नेपालको अन्तराष्ट्रिय प्रतिबद्धता

नेपालले मानव अधिकार सम्बन्धी ९ वटा ठूला महासन्धीहरु मध्ये ७ वटालाई अनुमोदन गरि पक्ष राष्ट्र भएको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरूसँग नबाझिने गरी सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो ।[1] नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूमध्ये शिक्षामा भेदभाव विरुद्धको महासन्धि, १९६०; नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; महिला विरुद्धका सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि, १९७९;बाल अधिकार सम्बन्धी महसन्धि, १९८९; द्वन्द्वबाट महिला र बालबालिकाको संरक्षण गर्ने घोषणापत्र, १९७४; महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, १९९१; अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६; संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट महिला, शान्ति र सुरक्षाका सम्बन्धमा पारित प्रस्ताव नं १३२५ र महिला तथा बालिकाहरूमाथि हुने यौन हिंसा विरुद्धको प्रस्ताव नं १८२०, प्रस्ताव नं १८८८ प्रमुख हुन् । उक्त महासन्धिका विभिन्न समितिहरूले समय समयमा नेपालको लागि दिएका सिफारिसहरू कार्यान्वयन गर्नु पनि सरकारको दायित्व हो ।

लैङ्गिक हिंसा र बाल विवाह समानता र बिकासको प्रमुख वाधकको रुपमा रहेको कुरालाई महशुस गरी दिगो विकासको लक्ष्यमा लैङ्गिक समानता हासील गर्ने र महिला तथा बालिकाहरूको सशक्तिकरण गर्ने; महिला, बालिका र किशोरीहरू विरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य गर्ने; सार्वजनिक तथा निजी क्षेत्रमा महिला, बालिका र किशोरीहरूमाथि हुने सबै किसिमका हिंसा लगायत मानव बेचविखन तथा यौन शोषणको अन्त्य गर्ने; बालविवाह, कम उमेरमा हुने विवाह र जवरजस्ती विवाह, महिलाको यौनाङ्ग काट्ने ९ाझबभि नभलष्तबा ञगतषबितष्यल० तथा अन्य हानिकारक प्रथाहरूको अन्त्य गर्ने कुरा उल्लेख गरिएको छ। अन्य मुलुकहरू झैं नेपालले पनि सन् २०३० सम्ममा सो लक्ष्य प्राप्त गर्ने प्रतिवद्धता जनाई राष्ट्रिय सूचकहरू सहित मार्गचित्र ९चयबमकबउ० समेत तयार गरेको छ ।[2]

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन महासन्धी (सिड) लाई २२ अप्रिल १९९१ मा बिना कुनै शर्त अनुमोदन गरेको छ। यस महासन्धिले महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने तथा महिला र पुरुषबीच वास्तविक समानता कायम गर्ने मुख्य उद्देश्य राखेको छ। महिलाका मानव अधिकारहरु संरक्षण र सम्बर्द्धन गर्ने एक महत्वपूर्ण अन्तराष्ट्रिय लिखित दस्तावेजको रुपमा यो महासन्धी रहेको छ । यस महासन्धीले महिलाको आर्थिक, सामाजिक, राजनैतिक जीवनको अधिकार, ग्रामीण महिलाको अधिकार, स्वास्थ्य लगायत अधिकार सुनिश्चिता गरेको छ । महिला विरुद्ध भेदभाव उन्मूलन समितिले पक्ष राज्यले पेश गर्ने प्रतिवेदनको सुनुवाई तथा विश्लेषण गरी प्रतिवेदनमाथि गर्ने टिप्पणीलाई निष्कर्ष प्रदान गर्ने गर्दछ । समितिले निष्कर्ष सुझावमा पक्ष राज्यमा महिला महासन्धि अन्तर्गतको उत्तरदायित्व कार्यान्वयनमा रहेका कमी कमजोरी तथा अभावहरुलाई औंल्याउने, तथा महासन्धि अन्तर्गतको दायित्वहरु पालन गर्न आवश्यक सुझावहरु दिने काम गर्दछ ।

## ४. राष्ट्रिय प्रतिबद्धताहरु

लैंगिक विभेदमा आधारित हिंसा मानब अधिकारको मुद्दा हो । पित्तृसत्तात्मक सोच र सो सोच बाट निर्देशित विभेदपूर्ण सामाजिक, साँस्कृतिक मूल्य र मान्यताका कारण महिलाहरुको उपस्थिती र सहभागितालाई कानुनी रुपमा मान्यता प्रदान गरिएता पनि ब्यबहारमा महिलाको भूमिका, कार्यव्यवहार, निर्णायक अधिकार आदि परम्परादेखि नै सिमांकित गरिएका छन् । वर्षै देखि महिला माथि गरिदै आएको विभेद र महिलालाई हेर्ने दृष्टिकोणका कारण सामाजिक र राजनीतिक क्षेत्रका सार्वजनिक ओहदाहरुमा महिलाको नेतृत्व, सहभागिता र पहुँच हुन सकेको छैन । हाम्रो समाजमा महिला, पुरुष, यौन अल्पसंख्यक विच सिर्जित असमान शक्ति सम्बन्धको परिणाम स्वरुप धैरै नै (संख्यात्मक रुपमा ) महिलाहरु हिंसा र विभेद भोग्न बाध्य छन् । पछिल्लो समयमा महिला माथि हुने हिंसाका

स्वरुपहरु बहुआयामिक भएका छन्, प्रविधिको विकास संगै मानिसमा आएको चेतना, जागरण र विश्वब्यापिकरणले ल्याएका यस्ता समस्याहरु अझ बढि चुनौतीको रुपमा हाम्रो अगाडि आएका छन् ।

वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि सामाजिक न्याय सुनिश्चित गर्न; समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेको छ ।साथै महिलामाथि हुने हिंसालाई दण्डनीय बनाएको छ ।सोही अनुरुप महिलामाथि हुने विभिन्न प्रकारका हिंसासम्बन्धी केही महत्वपूर्ण ऐन कानूनहरु समेत बनेका छन् ।

नयाँ संरचनाअन्तर्गत महिलाहरुका आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिकलगायतका सवालहरु सम्बोधन गर्नको लागि संघ, प्रदेश र स्थानीय तहहरुमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सामाजिक विकास मन्त्रालय र सामाजिक विकास शाखा स्थापना गरिएका छन् । महिलाका समस्याहरु सुन्न सुनाउनको लागि संवैधानिक निकायको रुपमा राष्ट्रिय महिला आयोग स्थापित छ। स्थानीय, प्रदेश र संघमा निर्वाचित महिला प्रतिनिधिहरु पनि महिलामाथि हुने हिंसा अन्त्यको लागि सक्रिय एवं प्रतिबद्धछन् । उदाहरणको लागि २२ जना महिला सांसदहरुले २०७५ असार २१ गते दर्ता गरेको 'सबैखाले महिला हिंसा र बलात्कारविरुद्ध संकल्प प्रस्ताव' प्रतिनिधिसभाले भदौमा पारित गऱ्यो । विभेदकारी प्रावधानहरु हटाउनलाई कानूनहरु संशोधनको क्रम जारी छ ।

संविधानको धारा १२७ (२) मा स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सक्ने व्यवस्था गरेअनुरुप न्यायिक समितिको गठन गरिएको छ ।न्यायिक समितिले स्थानीय स्तरमा हुने विवादहरु खासगरी देवानी प्रकृतिका मुद्दाहरुका साथमा महिला हिंसाका विषयहरु निरुपण गर्ने संवैधानिक अधिकार पाएको छ । स्थानीय प्रशासन ऐनअनुसार १३ किसिमका विवादित मुद्दाहरु न्यायिक समितिले हेर्ने र १२ थरीका विवादहरु समाधान गर्ने अधिकार पाएको छ । स्थानीय तह प्रमुख वा उपप्रमुखमध्ये एक महिला हुनुपर्ने प्रावधानले उपप्रमुखमा महिलाहरु निर्वाचित भएका छन् । त्यस हिसाबले स्थानीय तहमा न्याय सम्पादन गर्ने जिम्मेवारी महिलाहरुले सम्हालेका छन् । जनप्रतिनिधिहरुका लागि यो नौलो अभ्यास हो । त्यसैले निष्पक्ष न्याय सम्पादन गरेर देखाउनुपर्ने चुनौती पनि महिलाकै काँधमा परेको छ ।ती न्यायिक समितिहरुमा महिला हिंसाका घटनाहरु अत्याधिक मात्रामा आउने गरेको तथ्य पनि बाहिर आइरहेका छन् ।

वि. सं २०६३ सालमा पुनर्स्थापित प्रतिनिधि सभामा पेश भएको जरुरी सार्वजनिक महत्वको प्रस्ताव "आमा वा बावुमध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने ग्यारेन्टी गर्न, समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एक तिहाई महिलालाई राज्यको सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न, विभेदकारी कानूनको खारेजी गर्न, महिलाप्रति हुने गरेका हिंसाको अन्त्य गर्न" लाई वि. सं २०६३ साल जेठ १६ का दिन तत्कालीन प्रतिनिधि सभाले सर्वसम्मत रुपमा पारित गरेको थियो । यसले महिलाको हक अधिकारलाई संवैधानिक रुपमा स्थापित गर्न महत्वपूर्ण आधार प्रदान गरेको थियो । यस उपलब्धिपूर्ण दिनको स्मरणमा नेपाल सरकारले यस वर्ष (वि.सं. २०७६) देखि प्रत्येक वर्ष जेठ १६ का दिन राष्ट्रिय महिला अधिकार दिवस मनाउने निर्णय गरी कार्ययोजना समेत तयार गरेको छ ।

महिलामाथि हुने हिंसाको अनेक स्वरुप र प्रकृतिहरुलाई सम्बोधन गर्न नेपालको पुरानो मुलुकी ऐन २०२० लाई २०७५ भदौबाट अन्य ऐनहरुद्वारा प्रतिस्थापन गरिएको छ।जसमा मुलुकी अपराध (संहिता) ऐन, २०७४; मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४; फौजदारी कसूर (सजायँ निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४; मुलुकी देवानी (संहिता) ऐन, २०७४ र मुलुकी देवानी (संहिता) ऐन, २०७४ रहेका छन् । यी ऐनहरु मार्फत् सबै प्रकारका हिंसा, भेदभाव, शोषण, सामाजिक सांस्कृतिक कुरीतीजन्य व्यवहार वा अभ्यास, महिलामाथि हुने हानीकारक परम्परागत अभ्यासहरुलाई अपराधिक कार्यको रुपमा व्याख्या गरेर सजाय तथा क्षतिपूर्तिको व्यवस्था गरिएको छ ।यी ऐनहरुले महिलामाथि हुने हिंसाको प्रकृति र स्वरुपहरुका आधारमा कानूनी सजायवा क्षतिपूर्तिको व्यवस्था गरेको छ ।महिला हिंसालाई कानूनी उपचार, समाधान र दण्ड सजायको निमित्त यी ऐन कानूनहरु विशेष छन् ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद १० (१) मा ''उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपाङ्गगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्थाका

आधारमा कुनैपनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्नु हुँदैन" भनिएको छ ।त्यस्तो कसूर गर्ने वा गराउनेलाई तीन वर्ष कैद, ३२ हजार रुपैया जरिवाना वा दुबै सजाय हुने व्यवस्था पनि उपदफा (२) अन्तर्गत गरिएको छ ।मुलुकी अपराध (संहिता) ऐन, २०७४ अन्तर्गत नै "कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिइ करणी (बलात्कार) गरेमा वा मञ्जुरी लिएर भएपनि १८ वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा ऐन बमोजिम सजाय हुने" व्यवस्था गरेको छ । सोही ऐनले वैवाहिक बलात्कारलाई समेत अपराध मानी त्यस्तो जबरजस्ती करणीमा पाँच वर्षसम्म कैद सजाय तोकेको छ ।त्यस्तै सबै नागरिक कानूनको दृष्टिकोणमा समान हुने र कसैलाई पनि भेदभाव गर्न नपाइने र कानून विपरितका प्रथा वा परम्परालाई समेत मुलुकी देवानी (संहिता) ऐन, २०७४ ले दुरुत्साहन गरेको छ ।

लैङ्गिक समानता कायम गर्न तथा लैंगिक हिंसा अन्त्य गर्न बनेको ऐन, २०७२ ले जुनसुकै थलोमा हुने लैङ्गिक हिंसालाई कानूनी दायरमा ल्याएको छ ।त्यस्तै लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्य विधि, २०६८ ले लैङ्गिक हिंसाभित्र लैङ्गिकताका आधारमा घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य हिंसा, दुर्व्यवहार, सामाजिक कुरीतिजन्य विभेदपूर्ण व्यवहारलाई समेत समेटेको छ। जसअनुसार कुनैपनि व्यक्तिलाई लिंगभेदको आधारमा गरिएको कुनैपनि खालको पीडा वा हिंसालाई कानुनी रुपमा सजाय हुने व्यवस्था गरिएको छ।

महिलामाथि हुने हिंसाका सन्दर्भमा अरु थप कानूनहरु पनि छन् । मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४; मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५; घरेलु हिंसा (कसुर र सजायँ) ऐन, २०६६; घरेलु हिंसा (कसुर तथा सजाय) नियमावली, २०६७; कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐन, २०७१; बोक्सी आरोपविरुद्धको (कसुर र सजाय) ऐन, २०७२; एकल महिला सुरक्षा कोष नियमावली, २०७०; लैंगिक हिंसा उन्मूलन कोष (सञ्चालन) नियमावली, २०६६; लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७; महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूल गर्ने महासन्धि कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०; लैङ्गिक मानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना, २०६१; जेष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२; मानव वेचविखत विशेष गरी महिला तथा बालबालिकाहरुको वेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८; छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४; पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८; पुनस्थापना कोष सञ्चालन निर्देशिका, २०६८; मानव वेचविखनविरुद्धको अभियानमा संलग्न सरोकारहरुका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८; मानव वेचविखन तथा ओसारपसार पीडित र प्रभावितहरुको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४; आदि लगायतका ऐन कानूनहरु महिला हिंसा अन्त्यका लागि महत्वपूर्ण छन् ।

यी ऐन कानूनहरुको कार्यान्वयले कुनैपनि महिलामाथि हुने हिंसा अपराध हो र त्यस्ता हिंसामा कानूनी दण्डसजाय तोकिनुले न्यायिक समाज निर्माणतर्फ कदम चालिएको मान्न सकिन्छ।यद्यपि कार्यन्वयनको पक्ष फितलो र प्रभावकारी हुन नसक्दा महिलामाथि हुने हिंसाका घटनाहरु न्यून भएका छैनन् । त्यसै कारण पनि अहिले लागू भइरहेका ऐन कानूनहरुको प्रभावकारी कार्यन्वयन गर्दै महिला हिंसा अन्त्यका लागि शून्य सहनशीलताको सिद्धान्त अवलम्बनको लागि महिला तथा मानव अधिकारकर्मीहरुको आवाज उठाउन अत्यावश्यक छ ।

## **५. लैंगिक समानता रणनीतिको आवश्यकता**

नेपालमा महिला तथा बालिकामाथि हुने सबैप्रकारका हिंसा उन्मुलनगर्ने प्रतिबद्धताका साथ प्रतिनिधिसभाले २०७५ भदौमा महिला तथा बालिकामाथि हुने सबै खाले हिंसा विरुद्ध संकल्प प्रस्तावपास गरेको छ । दिगो विकास लक्ष्यको लक्ष्यनम्बर ५: लैगिंक समानता हाँसिल गर्ने तथा सबै महिला, किशोरी तथा बालबालिकालाई सशक्त बनाउने लक्ष्य प्राप्ति गर्न सरकारले सबै तहमा लैगिंक समानतालाई प्रवर्द्धन तथा सशक्त बनाउन प्रभावकारी नीति र कार्यान्वयन योग्य कानून बनाउने प्रतिवद्धता गरेको छ । संविधानको मौलिक हकको धारा १८ ले समानताको हकलाई सुनिश्चित गरेको छ । राजनीतिक पार्टीहरुले आफ्नो घोषणापत्रहरु मार्फत विभेदरहित, समानता र सामाजिक न्यायमा आधारित समृद्ध समाजको स्थापनागर्ने प्रतिबद्धता व्यक्त गरेकाछन् । यी सबै प्रतिबद्धताहरुमा लैंगिक समानता कायमगर्ने भन्ने प्रतिबद्धता धेरै पटक जाहेर गरिएको छ । यी सबै प्रतिवद्धताहरुलाई स्थानियकरण गर्दै कार्यान्वयन तहमा लान स्थानिय सरकारले अनिवार्य रुपमा लैंगिक समानता नीतितर्जुमा गर्नुका साथै नीतिगत

र कानूनी दस्तावेज महिलाले सम्मानीत भएको बोधहुनेगरी तर्जुमा गर्नु अपरिहार्य छ। निश्चित परिणाम, निर्धारित समयसिमा भित्र प्राप्त गर्न स्पष्ट रणनीति र त्यसमा आधारित योजना आवश्यक हुन्छ । यहि आवश्यकतालाई केन्द्रबिन्दु मान्दै आगामी ५ वर्षभित्र बढैयाताल गाउँपालिकालाई स्वास्थ्य, शिक्षित, वातावरणमैत्री, सामाजिक न्याय र समानतामा आधारित पहुँचयुक्त पालिकाका रुपमा स्थापित गर्न यो रणनीति तयार गरिएको छ । स्थानिय सरकारले बनाउने नीति, योजना तथा कार्यक्रमहरूबाट नै व्यक्ति, परिवार तथा समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यता अनुरुप स्थानिय तहमा लैङ्गिक समानता रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यकता महसुस गरिएको छ ।

- नेपालको संविधानमा उल्लेखित मौलिकहक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वद्वारा निर्देशित सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति स्थानियतहमा कार्यान्वयन गर्ने आधार तयारगर्न ।
- दिगो विकास लक्ष्यको "लैङ्गिक समानता र महिला तथा बालिकाहरूको सशक्तिकरण गर्ने" लक्ष्य हासिल गर्न स्थानिय सरकारले प्राथमिकताका साथ कार्यक्रम कार्यान्वयन गर्ने वातावरण तयार गर्न ।
- महिला, बालिका र लैगिंक तथा यौनिक अल्पसंख्यकविरूद्ध हुने लैङ्गिक हिंसा अन्त्य गरी सबैका लागि हिंसारहीत, आत्मसम्मानपूर्ण जीवन यापन गर्न सक्ने वातावरण तयार गर्न ।
- लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न ।

बढैयाताल गाउँपालिका लगाएत सबै जिम्मेबार निकायहरु भित्र लैंगिक समानता नीति, लैंगिक विभेदमा आधारित हिंसाका बारे स्पष्ट दृष्टिकोण, हिंसा प्रभावितलाई सहयोग गर्ने प्रतिबद्धता र सहयोगी बातावरण निर्माण गर्न अग्रसरता भएमा निर्धारित समय सिमा भित्र यस गाउँपालिकालाई लैंगिक मैत्री पालिकाबनाउन सकिन्छ भन्ने मान्यता यो रणनीतिले लिएको छ । बढैयाताल गाउँपालिकालाई लैंगिक हिंसा मुक्त बनाउने अभियानको नेतृत्व राजनीतिक नेतृत्वले लिएता पनि विभिन्न जिम्मेबार नागरिक तथा निकायहरुले पनि आ-आफ्नो जिम्मेबारी उचित तवरले समयमा नै निर्वाह गरेमा मात्र यस पालिकाले लैंगिक समानता हासिल गर्ने पालिकाका रुपमा आफ्नो पहिचान स्थापित गर्दै देशभरका अरु स्थानीय सरकारको लागि नमुना बन्न सक्ने छ ।

गाउँपालिकालाई आर्थिक समृद्धि सहित, शान्ति सुशासन र आत्मनिर्भर पालिकाको रुपमा स्थापित गर्ने अठोट छ । यो अठोट व्यवहारमा रुपान्तरण गर्न पालिकाका सबै सरोकारवालाहरु प्रतिबद्ध छन् । लैंगिक समानता सुनिश्चितता नहुँदासम्म पालिका आर्थिक समृद्धि, शान्ति सुशासन र आत्मनिर्भर बन्न सक्दैन । यसर्थ पालिकाले आफ्नो पालिकामा लैंगिक समानता कायम गर्नको लागि गाँउसभाले लैगिंक समानता नीति तयार गरी कार्यान्वयनमा ल्याउने निर्णय गरे अनुरुप पालिकाका सबै जनप्रतिनिधिहरु, सरोकारवाला निकायका प्रतिनिधिहरुको सहभागितामा २ चरणमा गरिएको छलफलबाट आएको निश्कर्षको आधारमा यो रणनीति तयार गरिएको हो

## ६. रणनीति तर्जुमा प्रक्रिया

लैङ्गिक समानता रणनीति तर्जुमाका लागि देहायका विधिहरू अवलम्वन गरिएको छ :

**(क) दस्तावेज अध्ययन :** मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, बेइजिङ्ग कार्यमञ्च, बाल अधिकार महासन्धि, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ लगायतका मानव अधिकार विशेष गरी महिला तथा बाल अधिकार सम्बन्धी दस्तावेजहरू, विश्वव्यापी आवधिक समिक्षा, नेपालको संविधान लगायत राष्ट्रिय कानूनहरू, दिगो विकास लक्ष्य, राष्ट्रिय कार्ययोजनाहरू र निर्देशिकाहरूका साथै विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दस्तावेजहरूको अध्ययन गरी विश्लेषण गरिएको ।

(ख) **मुख्य सरोकारवालाहरुबाट जानकारी** : पालिकाकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रमुख महिला विकास अधिकृत, सामाजिक विकास महाशाखाका प्रमुख, जिल्ला प्रहरी कार्यालय मातहत महिला बालबालिका सेवा केन्द्र प्रमुख, लैंगिक सामानताका लागि कार्यरत विभिन्न संघसंस्थाका प्रमुखहरुसँग अन्तरवार्ता गरी जानकारी संकलन गरिएको ।

**(ग) विषय केन्द्रित समूह छलफल :**पालिका भित्रका इलाका प्रहरी कार्यालय, महिला बालबालिका सेवा केन्द, शिक्षा, स्वास्थ्य, एकद्वार संकट व्यवस्थापन केन्द्र, मनोविमर्शकर्ता, जिल्ला कानूनी सहायता समिति, सेवागृह, महिला अधिकारकर्मीहरू, धर्मगुरुहरू, युवा, पत्रकारहरू, विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, छात्रछात्राहरू एवं किशोरी समूहका प्रतिनिधिहरूसँग बेग्ला बेग्लै केन्द्रित समूह छलफल गरिएको थियो ।

**(घ) परामर्श कार्यशाला :**पालिकाभित्र प्रमुख, उप-प्रमुख, वडा अध्यक्षहरू, महिला सदस्यहरू, नगरकार्यपालिकाका सदस्यहरू,पालिकाका कर्मचारीहरु,महिला अधिकारकर्मीहरु लगायतका प्रतिनिधिहरू सम्मिलित कार्यशाला गोष्ठी आयोजना गरी रणनीतिमा समावेश गरीनुपर्ने बुँदाहरू बारे परामर्श गरिएको थियो ।

**(ङ) परामर्श बैठक :** माथि उल्लेख भए बमोजिमका विधिद्वारातयार पारिएको मस्यौदा रणनीति तथा कार्ययोजना बारे पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रुप दिइएको हो ।

## ७. रणनीति तथा कार्ययोजनाका सिद्धान्तहरू

देहायका सिद्धान्तका आधारमा यस लैङ्गिक समानता रणनीति तर्जुमानिर्माण गरिएको छ :

(क) **अविभेद (Non-discrimination):**यो रणनीति कार्यान्वयनको सिलसिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिहरूमाथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरीने छैन ।

(ख) **सारभूत समानता (Substantive equality):** यो रणनीतिले लैङ्गिकताका सवालमा सारभूत समानता अर्थात परिणाममा समानताको सिद्धान्तलाई आत्मसात गरेको छ ।

(ग) **कोहि पछाडि नछुटुन (No one leave behind)** : यस रणनीतिले दिगो बिकास लक्ष्यको कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणालाई अपनाएको छ ।

(घ) **कसैलाइ हानि नपुऱ्याउने (Do no harm)** :यस रणनीतिले कसैलाई पनि हानि वा क्षति नपुऱ्याउने सिद्धान्त लिएको छ ।

(ङ) **शून्य सहनशीलता (Zero tolerance):** यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा लैङ्गिक हिंसाका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(च) **गोपनीयताको अधिकार (Rights to Privacy)** : यो रणनीतिले लैङ्गिक हिंसा प्रभावितहरूको गोपनीयताको अधिकारलाई सुनिश्चत गरेको छ ।

(छ) **अर्थपूर्ण सहभागिता (Meaningful participation):** यो रणनीतिले सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरूको अर्थपूर्ण सहभागितालाई महत्व दिइएको छ ।

(ज) **प्रभावितको संरक्षण (Protection of the survivors):**यो रणनीतिले लैङ्गिक हिंसा प्रभावितहरूको संरक्षण र सुरक्षाको प्रत्याभूति दिलाउनु पर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकतामा राखेको छ ।

(झ) **न्यायमा पहुँच तथा द्रूत न्याय (Fast track court)** : यो रणनीतिले लैङ्गिक हिंसा प्रभावितहरूका लागि द्रूत न्यायको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(ञ) **साझेदारिता र सहकाय(Partnership and collaboration)** : यो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनमा मुख्य सरोकारवालाहरूको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता राखिएको छ ।

(ट) **सकारात्मक सोच (Appreciative inquiry)** :यो रणनीति सकारात्मक सोच तथा परिवर्तन सभंव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ ।

## ८. यो रणनीतिले सम्बोधन गर्ने विषयगत प्राथमिकताका प्रमुख क्षेत्रहरु

- लैगिंक विभेद तथा हिंसा
- सामाजिक तथा सांस्कृतिक हानिकारक परम्परागत अभ्यासहरु
- सार्वजानिक क्षेत्रमा हुने हिंसा
- लैगिंक तथा यौनिक अल्पसंख्यकहरुका सवाल
- अपागंता भएका महिलामाथिको विभेद र हिंसा
- यौन तथा प्रजनन् स्वास्थ्य अधिकारका सवाल
- महिला सहभागीता तथा नेतृत्व विकास
- सामाजिक तथा आर्थिक सशक्तिकरण
- यौन हिंसा तथा यौन दुर्व्यवहार
- कार्यस्थलमा हुने हिंसा
- विपद तथा महामारीका समयमा हुने विभेद र हिंसाका सवाल

## ९. बढैयाताल गाउँपालिकाको परिकल्पना

समानता, सामाजिक न्यायमा आधारित समृद्ध बढैयाताल गाउँपालिका

## १०. ध्येय

लैंगिक समानता र सामाजिक न्यायका लागि संरचनागत सुधार

## ११. लक्ष्य

आगामी पाँच वर्ष (२०८२ साल)भित्र लैङ्गिक हिसा अन्त्य भई समानतामूलक समाजको निर्माण गर्ने ।

## १२. उद्देश्यहरू

(१) निरोधात्मक उपायहरूद्वारापालिकाका सबै वडाहरूमा लैङ्गिक हिंसा निवारण तथा हानिकारक परम्परागत अभ्यासहरुको अन्त्य गर्ने ।

(२) सबै प्रकारको लैंगिक विभेद अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभुति हुने वातावरण तयार गर्न पालिका भित्र प्रबर्द्धनात्मक गतिविधिहरु सञ्चालन गर्ने ।

(३) लैङ्गिक हिंसाबाट प्रभावितहरूलाई अधिकारमूखी अवधारणाबाट अत्यावश्यक तथा आवश्यक सेवा प्रदान गरी न्यायमा पहुँच हुने वातावरण तयार गर्ने ।

(४) दिगो विकास र आर्थिक समृद्धिकालागि महिलाको समान अवसर, नेतृत्वदायि भूमिकाका साथै समान प्रतिफल र लाभ उपभोगमा महिलाको अधिकार सुनिश्चितका लागि आर्थिक सशक्तिकणका गतिविधिहरु सञ्चालन गर्ने ।

(५) विपद तथा महामारीका समयमा हुने विभेद र हिंसाका सवाल सम्बोधनका लागि नीति तथा कार्ययोजना तयार गर्ने ।

## १३. रणनीति तथा कार्यनीतिहरू

**उद्देश्य १ : निरोधात्मक उपायहरूद्वारा पालिकाका सबै वडाहरूमा लैङ्गिक हिंसा निवारण तथा हानिकारक परम्परागत अभ्यासहरुको अन्त्य गर्ने ।**

**रणनीति १.१ :** बढैयाताल गाउँपालिका भित्र कुन वर्ग, लिंग र समुदायका व्यक्तिहरु लैङ्गिक विभेदको जोखिममा छन्, सो को अध्ययन गरि स्थिति विश्लेषण गर्ने ।

- पालिका भित्रका सबै वडाकाविभिन्नसमुदायहरूमा विद्यमान लैङ्गिक विभेदको अवस्था, परिणाम र समाधानका उपायहरू बारे सर्वेक्षणगरी प्रतिवेदन सार्वजनिक गर्ने ।
- अध्ययनबाट आएका नतिजाहरुका आधारमा हिंसा मुक्त पालिका घोषणा गर्नसुचक तयार गर्ने र सुचकको आधारमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।
- पालिका भित्रका सबै वडाहरुमा आवश्यक खण्डिकृत तथ्याकहरु संकलन गर्ने, अद्यावधीक गर्ने व्यवस्था गर्ने ।

**रणनीति १.२ : समाजमा विद्यमान हानिकारक सामाजिक मूल्य मान्यता, सोच र व्यवहार परिवर्तन गर्ने योजना तथा कार्यक्रमहरु तयार गर्ने ।**

- पालिका तथा वडामा लैगिंक सम्पर्क व्यक्ति तोक्ने ।
- लैगिंकमैत्री शब्दावलीहरुको प्रयोगलाई अनिवार्य गर्ने ।
- सबै वडामा हानिकारक सामाजिक मूल्य मान्यताले पारेको असरका बारेमा जनप्रतिनीधिहरु, लैगिंक हिंसा नियन्त्रण/निगरानी संयन्त्र, सञ्जाल, समुहसँग समयसापेक्ष अन्तरक्रिया गर्ने ।
- हानिकारक परम्परागत अभ्यासहरु विरुद्धको सचेतनामुलक अभियानहरु स्थानीय संघसंस्था, समुह, सञ्जालहरुको समन्वय र सहकार्यमा सञ्चालन गर्ने ।
- विद्यालय शिक्षाको पाठ्यक्रममा असमान सामाजिकलैगिंक भुमिका रुपान्तरणमुखि र हानिकारक परम्परागत अभ्यासहरु विरुद्धका विषयवस्तुलाई समावेश गर्ने ।
- विद्यालयका भौतिक संरचना तथा अध्ययनअध्यापन विधिलाई लैगिंक तथा अपागंतामैत्री बनाउने ।
- विद्यालयमा लैगिंक सम्पर्क व्यक्ति तोक्ने र लैगिंक संवेदनशिलता, लैगिंक समानता सम्बन्धी सम्पर्क व्यक्तिको क्षमता अभिबृद्धि गर्ने । साथै विद्यालयमा अनिवार्य रुपमा उजुरी पेटिका राख्ने व्यवस्था गर्ने ।
- समुदाय तह देखि महिला हिंसा बिरुद्धको सूचना र हिंसा भएमा कसरी उजुरी गर्ने, कहाँ गर्ने भन्ने लगायतका सुचनाहरु स्थानीय भाषा र सबैको पहुँच हुनेगरी प्रवाह गर्ने ।
- महिला स्वास्थ्य स्वयमसेविका, महिला सहकारीका नेतृत्वहरुको सहयोगमा वडाका महिला सदस्यहरु सम्मिलित सुचना वितरण समिति बनाउने, अवस्था हेरेर स्थानीय गैरसरकारी संस्थासँग सहकार्य गरि सूचना वितरण गर्ने ।
- स्थानीय तहका सञ्चारमाध्यमबाट लैगिंक विभेदमा आधारित हिंसा, हानिकारक परम्परागत अभ्यास रोकथाम तथा संरक्षण सम्बन्धी सुचनालाई घरघरसम्म पुग्ने गरि सम्प्रेषण गर्ने ।
- लैंगिक विभेदमा आधारित हिंसा विरुद्धको सुचना सामाग्रीहरुलाई सार्वजनिक स्थलहरुमा (विद्यालय, सिनेमाहल, बसपार्क, हाटँबजार, मूख्य चोक, सार्वजनिक यातायातका साधनहरु लगायत) नियमित रुपमा देखिने गरि प्रदर्शन गर्ने ।
- पालिकामा निर्माण हुने भौतिक संरचनालाई लैगिंक तथा अपांगतामैत्री बनाउने ।

**रणनीति १.३ :पालिकाको अगुवाईमा सामुदायीक संघसंस्था, युवा, किशोरकिशोरी, निगरानी समूहहरु गठन तथा सुदृढीकरण गरी लैङ्गिक विभेद तथा हिंसा नियन्त्रणका लागि विभिन्न संघसंस्था तथा नीजि क्षेत्रसँग सहकार्य गर्ने ।**

- स्थानीय तहमा रहेका विभिन्न समुह सञ्जालहरुको अवस्था विश्लेषण गरि क्रियाशिल गराउनका लागि सुदृढीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- वडाहरूमा प्रहरी, महिला समूह, युवा, किशोरकिशोरी समूह, धर्मगुरुहरू, पुरुष एवं लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको सहभागितामा लैङ्गिक हिंसा विरुद्ध सचेतनामूलक अभियान सञ्चालन गर्ने ।
- लैङ्गिक हिंसा निवारणमा सकारात्मक भूमिका निर्वाह गरेका पुरुषहरुको अगुवाईमा सामाजिक रुपान्तरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सामुदायीक संघसंस्था, युवा, किशोरकिशोरी, निगरानी समूहहरुको नेतृत्वमा लैगिंक विभेदमा आधारित हिंसा विरुद्धको १६ दिने अभियान, अन्तराष्ट्रिय श्रमिक महिला दिवस, राष्ट्रिय महिला दिवस, महिला स्वास्थ्य अधिकार दिवस, अन्तराष्ट्रिय शान्ति दिवस, युवा दिवस लगायतका दिवसहरु सञ्चालन गर्नका लागि बजेट बिनियोजन गरी दिवशिय कार्यक्रम सञ्चालन गर्ने ।
- व्यवसायीक तथा औद्योगीक संस्था, प्रतिष्ठान, बैंकलाई लैङ्गिक असमानता हटाउने कार्यक्रममा लागानी बढाउन प्रोत्साहित गर्ने ।

**रणनीति १.४ विभेदपूर्ण सामाजिक मूल्य मान्यता अन्त्य गर्न "हरेक घर सुरक्षित घर" नारा सहितको सचेतना अभियान सञ्चालन गर्ने ।**

- लैगिंक हिंसा विरुद्धको अभियान वर्षको वार्षिक कार्ययोजना अनुरुप **हरेक घर सम्मानित घर** अभियान सञ्चालन गरि लैंगिक हिंसा मूक्त बस्ती निर्माण गर्ने ।
- लैङ्गिक हिंसाबाट पुग्ने वहुपक्षीय नकारात्मक असर पारिवारिक बिखण्डन जस्ता समस्यालाई सम्बोधन गरी पारिवारिक संरक्षण तथा मानवीय सम्बन्ध प्रवर्द्धन गर्ने ।
- लैङ्गिक हिंसा निवारणका लागि महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, शिक्षक, अभिभावक, राजनीतिक दल, नागरिक समाज, प्रहरी, पत्रकारहरू र स्थानीय सरकारबीच निरन्तर सार्वजनिक बहस एवं संवादको कार्यक्रम सञ्चालन गर्ने ।
- घरेलु कामकाज, हेरचाह कार्य, अभिभावकीय भूमिका लगाएत पूर्नउत्पादनका क्रियाकलापमा महिला र पुरुषको समान भूमिका दायित्व बोध गराउने गरी प्रर्वद्धनात्मक कार्यक्रम संचालन गर्ने ।
- लैङ्गिक हिंसा निवारण सम्बन्धी असल अभ्यासहरूका बारेमा अन्वेषण गर्न खोजमूलक पत्रकारितालाई प्रोत्साहन गर्ने ।
- प्रत्येक वडामा पारिवारीक परामर्श तथा मनोविमर्श सेवालाई सुचारु गर्ने ।

**रणनीति १.५ लैङ्गिक हिंसा निवारण बारे कानूनी सचेतना अभिबृद्धि गर्ने ।**

- लैगिंक हिंसा विरुद्धको विद्यमान कानुनी प्रावधानहरुका बारेमा सुचना सामाग्री बनाई व्यापक रुपमा समुदाय स्तरमा प्रचार प्रसार गर्ने ।

- यौनजन्य तथा लैङ्गिक हिंसा, शोषण र दूर्व्यवहार रोकथाम सम्बन्धी मापदण्ड/आचार संहिताको पालना बारे सरोकारवालाहरूको क्षमता अभिबृद्धि गरी अनुगमन तथा निगरानी गर्ने ।
- सामुदायीक प्रहरी, वडा कार्यालय, सामुदायीक मेलमिलाप समिति नेतृत्वमा प्रत्येक वडामा लैगिंक विभेद, असमानता, हिंसा, लागु औषध तथा दुर्व्यसनी, हानिकारक परम्परागत अभ्यास विरुद्ध नियमित सचेतनामुलक गतिविधिहरु सञ्चालन गर्ने ।

**उद्देश्य २ : सबै प्रकारको लैंगिक विभेद अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभुति हुने वातावरण तयार गर्न  पालिकाभित्र प्रबर्द्धनात्मक गतिविधिहरु सञ्चालन गर्ने ।**

**रणनीति २.१ लैङ्गिक समानता हाँसिल गर्न  पालिकार वडा कार्यालयहरूहरूको क्षमता विकास गर्ने ।**

- लैङ्गिक हिंसा निवारण अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्न पालिका र वडा कार्यालयहरूको क्षमता अभिबृद्धि गर्ने योजना बनाई पर्याप्त मानवीय तथा अन्य स्रोत व्यवस्थापन गर्ने ।
- पालिका र सबै वडाका जनप्रतिनिधिहरू एवं कर्मचारीहरूलाई लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण, लैङ्गिक उत्तरदायी बजेट, लैङ्गिक परीक्षण, सूचनाको हक, दिगो विकास लक्ष्य, महिला अधिकार अधिकार लगायत मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जवाफदेहिता संयन्त्रका बारेमा क्षमता विकास गर्ने ।
- न्यायिक समितिलाई लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्था, मुद्दाको सुनुवाई, मुद्दाको व्यवस्थापन, अभिलेख व्यवस्थापन, प्रमाण संकलन लगायत ध्यान दिनु पर्ने अत्यावश्यक कानूनी सिद्धान्त तथा प्रक्रियाको बारेमा क्षमता विकास गर्ने ।
- प्रभावित व्यक्तिहरूको न्यायमा पहुँच वृद्धि गर्न र द्रुत न्याय पद्धतिलाई संस्थागत गर्न न्यायिक समितिको संयोजकको अध्यक्षतामा सरोकारवाला सरकारी निकाय तथा संघसंस्थाहरू (संरक्षण गृह, पुनर्स्थापना गृह, प्रहरी, जिल्ला बार एशोसियशन, स्वास्थ्य संस्था, जिल्ला कानूनी सेवा केन्द्र, मेलमिलाप केन्द्र आदि) को प्रतिनिधित्व हुने गरी समन्वय समिति गठन गरी सुधार गर्नुपर्ने कानूनी प्रक्रिया र सहकार्यलाई प्रवर्द्धन गर्ने ।
- न्यायिक समितिलाई गाउँपालिका क्षेत्रमा सञ्चालित लैङ्गिक हिंसा निवारण सम्बन्धी क्रियाकलापहरूको विस्तृत रुपमा अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने गरी क्षमता विकास गर्ने ।
- सामाजिक विकास महाशाखा र महिला विकास शाखालाई लैङ्गिक हिंसा निवारणमा न्यायिक समितिको जिम्मेवारीलाई निर्वाह गर्ने कार्यमा टेवा पुर्‍याउन सक्ने गरी क्षमता विकास गर्ने ।
- महिला तथा बालबालिका शाखा अन्तर्गत एकीकृत सूचना प्रणालीको विकास गरी लैङ्गिक हिंसा निवारण सम्बन्धी सम्पूर्ण सूचनाहरूलाई एकीकृत गर्ने ।
- पालिकामा आउने लैगिंक विभेदका घटनाहरुको तथ्याकं व्यवस्थापनका लागि विशेष संयन्त्रको विकास गर्ने र उपलब्ध तथ्याकंको विश्लेषणका आधारमा संरचनागत रुपान्तरणका कार्यक्रम तर्जमा गर्ने ।

**रणनीति २.३ : लैगिक समानता हाँसिल गर्न गाउँपालिकाभित्र सम्पन्न कार्यहरुको अनुगमन तथा मूल्याकंन कार्यलाई सुदृढ गर्ने ।**

- पालिकाको वार्षिक सामाजिक विकासका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने ।

- अनुगमन समितिको क्षमता अभिबृद्धि गर्ने र अनुगमन तथा मूल्यांकनका कार्यलाई नियमित गर्ने, अनुगमनबाट प्राप्त सिकाईका आधारमा कार्ययोजनाहरु तर्जुमा गर्ने ।

**उद्देश्य ३ : लैङ्गिक हिंसाबाट प्रभावितहरूलाई अधिकारमूखी अवधारणाबाट अत्यावश्यक तथा आवश्यक सेवा प्रदान गरी न्यायमा पहुँच हुने वातावरण तयार गर्ने ।**

**रणनीति ३.१ लैङ्गिक हिंसाबाट प्रभावितका लागि तत्काल उद्दार र उजुरी गर्ने संयन्त्रलाई सुदृढ गर्ने ।**

- हिंसा प्रभावितहरुका लागि पालिकामा उपलब्ध सेवाहरुको विस्तृत विवरणतयार गर्ने ।
- हिंसा विरुद्ध तत्काल उजुरी दिने, २४ घण्टाभित्र नै प्रतिक्रिया दिने, आवश्यक सहयोग तथा सम्प्रेषण गर्ने (Referral) व्यवस्था सहितको हटलाईन सेवाको व्यवस्था गर्ने ।
- जिल्ला तथा इलाका प्रहरी कार्यालयसँग समन्वय गरी सबै किसिमका लैङ्गिक हिंसा विरुद्ध सरल र सहज ढङ्गबाट उजुरी दर्ता गर्ने र सम्बोधन गर्ने प्रणालीको विकास गर्ने ।
- प्रहरी अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रको क्षमता विकास गर्ने ।
- लैङ्गिक हिंसाका घटनाहरूमा स्वतःस्फूर्त ९कगय ञ्यतय० कारवाहीका लागि प्रहरी कार्यालयसँग समन्वय गर्ने ।
- न्यायीक समितिलाई साधन, स्रोत सम्पन्न बनाई उजुरी प्रक्रियालाई सरल र सहज बनाउने ।
- प्रभावितहरूलाई प्रभावकारी निःशूल्क कानूनी सहायताको व्यवस्था गर्न सरोकारवालाहरू विशेष गरी जिल्ला अदालतमा रहेको कानुनी सहायता समिति र नेपाल बार एशोसिएसनसँग सहकार्य गर्ने ।

**रणनीति ३.२ लैङ्गिक हिंसा प्रभावितलाई अधिकारमुखी अवधारणाबाट अत्यावश्यक आवश्यक सेवाहरु प्रवाह गर्ने ।**

- प्रभावितहरूको सहयोग तथा पुनर्स्थापनाका सरकारी निकायहरू तथा गैर सरकारी संस्थाहरूको कार्यक्रम, संस्थागत क्षमता सहितको अद्यावधिक विवरण संकलन गरी प्रभावकारिता मूल्याङ्कन गर्ने ।
- पालिका भित्र कुनै महिला वा बालिकालाई हिंसा परेमा उसको पुनर्स्थापनाका लागि कोष खडा गर्ने ।
- नेपाल सरकारको नीति अनुसार जिल्लामा सञ्चालित पुनर्स्थापना केन्द्र र अस्पताल अन्तर्गतको एकद्वार संकट व्यवस्थापन केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न पहल र आवश्यक सहयोग गर्ने ।
- पालिका भित्र रहेका संरक्षण गृहहरूलाई एकीकृत सेवा प्रणाली अन्तर्गत समाहित गरी प्रभावितहरूको आवश्यकता र सम्बन्धित संरक्षण गृहको क्षमता अनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन संरक्षण गृहको रुपमा व्यवस्थापन गर्ने ।
- विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न र प्रभावितहरूलाई सहायता पुर्‍याउन लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्ने ।
- लैङ्गिक हिंसा निवारण कोषमा रकम संकलन र कोष परिचालनलाई मार्गदर्शन हुने गरी कोष सञ्चालन कार्यविधि निर्माण गर्ने ।

**रणनीति ३.३ लैङ्गिक हिंसा प्रभावितहरूलाई अनुकुल स्थानमा पुनफृतिहुनकालागि उपयुक्त वातावरणको निर्माण गर्ने ।**

- लैङ्गिक हिंसा प्रभावितहरूको आत्मवल बृद्धिको लागि मनोसामाजिक परामर्शका साथै जीवन उपयोगी शिक्षा र सीप दिई प्रभावितका लागि अनुकुल र उसको निर्णय अनुसारको स्थानमा पुनर्फिति हुन सहयोग गर्ने ।

- परिवारमा निरन्तर भेटघाट र अनुगमन गरी लैङ्गिक हिंसा प्रभावितहरू प्रति गर्नुपर्ने व्यवहार तथा सहयोग बारे परिवारका सदस्यहरूलाई आवश्यकता अनुसार परामर्श दिने ।

- प्रभावितहरूको क्षमता र योग्यता एवं वजारको सम्भाव्यता अनुसार नयाँ सीप प्रविधिबारे उद्यमशीलता तालिम दिई स्वरोजगार वा व्यवसायका लागि सक्षम बनाउने ।

- पालिका अन्तर्गत सिर्जना हुने रोजगारका अवसरहरू (नगर प्रहरी, निर्माण कार्य, सेवा व्यवसाय, गैर परम्परागत उद्यम आदि) मा लैङ्गिक हिंसा प्रभावितहरूलाई उनीहरूको योग्यता र क्षमता अनुसार विषेश प्राथमिता दिने नीति बनाई पहुँच अभिबृद्धि गर्ने ।

- प्रभावितहरूलाई व्यावसायिक कृषिमा संलग्न गराउने बारे सम्भाव्यता अध्ययन गरी योजना बनाउने ।

- निजी क्षेत्रलाई व्यावसायिक सामाजिक उत्तरदायित्व ९ऋयचउयचबतभ क्यअष्बी च्भकउयलकष्दष्तिथ०अन्तर्गत लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक हिंसा नियन्त्रण गर्न र महिला तथा किशोरीको आर्थिक सशक्तिकरण गर्नका लागि साझेदारिता नीति निर्माण गरी सहजीकरण गर्ने ।

**उद्देश्य ४ : दिगो विकास र आर्थिक समृद्धिकालागि महिलाको समान अवसर, नेतृत्वदायि भूमिकाका साथै समान प्रतिफल र लाभ उपभोगमा महिलाको अधिकार सुनिश्चितका लागि आर्थिक सशक्तिकणका गतिविधिहरु सञ्चालन गर्ने ।**

**रणनीति ४.१ आर्थिक सशक्तिकरणका गतिविधिहरुको प्रवर्द्धन गर्ने ।**

- महिलाको व्यवहारिक सिप तथा ज्ञानको अध्ययन गरी प्रवर्द्धन गर्ने ।
- उद्यमि महिलाद्धारा उत्पादित सामाग्रीहरुको बजारीकरणका लागि सहयोग गर्ने ।
- महिलाहरूलाई व्यवसाय सञ्चालन, बैंकिंग तथा वित्तिय कारोबार सम्बन्धी शिक्षा प्रदान गर्नुका साथै आधारभूत कानूनी क्षमता विकास गर्ने ।
- बैदेशिक रोजगारीमा गएका परिवारका महिला सदस्यहरु, बैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुको सीप, ज्ञान र आम्दानीलाई व्यवस्थित र पुनर्उत्पादन मूलक बनाउने ।

**रणनीति ४.२ : महिला उद्यमशिलता प्रवर्द्धन र बजारिकरणका लागि नीतिगत व्यवस्था गर्ने ।**

- पालिकाको योजनामा महिला उद्यमशिलता प्रवर्द्धन गर्ने खालका कार्यक्रम तथा आवश्यक बजेट विनियोजन गर्ने ।
- उद्यमशिलता प्रवर्द्धनका लागि बिमा व्यवस्थालाई अनिवार्य रुपमा लागु गर्ने ।
- उद्यमशिलता गर्न चाहने महिलाका लागि अनुदान तथा व्याज बिना नै ऋण सहयोग गर्ने व्यवस्था गर्ने ।

**रणनीति ४.३ : महिलालाई आर्थिक रुपमा सशक्त बनाउनका लागि आवश्यक सिप तथा ज्ञान प्रदान गर्ने ।**

- सामाजिक लैगिंक भुमिका रुपान्तरण गर्ने खालका आर्थिक उपार्जनसँग महिलालाई जोड्न आवश्यक व्यवसायीक ज्ञान तथा सिप प्रदान गर्ने ।
- महिलालाई आर्थिक रुपमा सशक्त र स्वतन्त्र बनाउन आर्थिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालनका लागि कार्ययोजना तथा बजेट विनियोजन गर्ने ।

**<u>रणनीति ४.४ पालिका भित्रका विकास निर्माणका कार्यहरुमा महिलालाई प्राथमिकतामा राख्ने ।</u>**

- पालिकाको वडाहरुमा महिला अधिकारका क्षेत्रमा सक्रिय व्यक्तिहरुका लागि समसामाहीक विषयहरुमा ज्ञान, सिप अवधारणा प्रवर्द्धन गर्ने ।
- पालिकामा सञ्चालन हुने भौतिक विकासका योजनाको निश्चित प्रतिशत महिलाको नेतृत्वमा सञ्चालन गर्ने योजना बनाउने ।

**<u>उद्देश्य ५ : विपद तथा महामारीका समयमा हुने विभेद र हिंसाका सवाल सम्बोधनका लागि नीति तथा कार्ययोजना तयार गर्ने ।</u>**

**रणनीति ५.१ : विपद तथा महामारीबाट उत्पन्न हुने सवालहरु सम्बोधनका लागि नीतिगत व्यवस्था गर्ने ।**

- जिल्ला विपद व्यवस्थापन समितिसँगको सहकार्यमा पालिका तथा वडास्तरमा समेत विषयगत समिति (Thematic-Cluster)तथा संयन्त्र निर्माण गर्ने ।
- जिल्ला विपद व्यवस्थापन समितिसँग सहकार्य गरि पालिकामा विपद तथा महामारीबाट आउने जोखिम तथा प्रभावितको सहयोगका लागि योजना तयार गर्ने ।
- विपद्बाट उत्पन्न हुन सक्ने लैङ्गिक हिंसाको जोखिम र जोखिम न्यूनीकरणका उपायहरूबारे लैङ्गिक उत्तरदायी हुने गरी पूर्व तयारी एवं विपद् व्यवस्थापनका लागि नीति तथा कार्यक्रमहरू बनाउने ।
- विपद्मा विशेष जोखिममा रहने किशोरी, महिला, गर्भवती, सुत्केरी, अपागंता, वृद्धा, लैगिंक तथा यौनिक अल्पसंख्यक, विशेष र फरक आवश्यकता भएका व्यक्तिहरुलाई केन्द्रमा राखेर लैगिंक संवेदनशिलताका साथ कार्यक्रमहरु बनाउने ।

**रणनीति ५.२ : कुनैपनि विपद तथा महामारीका समयमा जोखिममा रहने समुदायको पहिचान गर्ने ।**

- विपदको समयमा बढी प्रभावित क्षेत्रहरुको नक्साङ्कन गर्ने ।
- विपदको समयमा बढी प्रभावित क्षेत्र भनि नक्साङ्कन भएका क्षेत्रहरुको समुदायका जोखिमको अवस्थाको मापन गर्ने र आकस्मिक योजना तयार र बजेट व्यवस्थापन गर्ने र आवश्यकता अनुसार अद्यावधी गर्ने ।

**रणनीति ५.३ : विपद तथा महामारीबाट जोखिममा रहेका समुदायहरुलाई सहयोग र संरक्षण प्रदान गर्ने ।**

- विपद समयमा आवश्यक सुरक्षित स्थलको पहिचान र व्यवस्थापन गर्ने ।
- विपद तथा महामारीका समयमा सहयोग गर्न सक्ने संस्थाहरुको नक्सांकन गर्ने र आवश्यकता अनुसार समन्वय र सहकार्य गर्ने ।
- विपद तथा जोखिमको अवस्थामा समुदायमा पर्ने मनोसामाजिक सवालको सम्बोधनका लागि मनोसामाजिक परामर्श/मनोविमर्श सेवालाई अनिवार्य रुपमा प्रदान गर्ने व्यवस्था गर्ने ।

- महिला, किशोरी, अपांगता भएका व्यक्ति बृद्ध व्यक्तिहरुको आवश्यकतालाई मध्यनजर गरेर सहयोग सामाग्री वितरण गर्ने योजना बनाउने ।

## १४. संस्थागत संरचना

लैङ्गिक समानता रणनीति प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि पालिका स्तरमा गाँउपालीका प्रमुख वा उप-प्रमुखकको अध्यक्षतामा एक समिति गठन गरिनेछ । आवश्यकता अनुसार वडा अध्यक्षको संयोजनमा वडा स्तरमा पनि समिति बिस्तार गर्न सकिनेछ । पालिकाको महिला, बालबालिका, जेष्ठ नागरिक सम्बन्धि हेर्ने सामाजिक शाखाले यो रणनीति कार्यान्वयनमा सचिवालयको रूपमा कार्य गर्नेछ । लैङ्गिक समानता रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरसभाका सबै जनप्रतिनिधिहरु, समिति लगाएत नागरिक समाजको जिम्मेवारी र दायित्व रहनेछ । स्थानिय सरकारले कार्यान्वयनको लागि आवश्यक जनशक्तिको क्षमता अभिबृद्धिमा पनि जोड दिनेछ । तर्जुमा भएका रणनीति तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि प्रमुख गरी गाँउपालीका स्तरिय समिति जिम्मेवार रहनेछ ।

## १५. आर्थिक पक्ष

लैङ्गिक समानता रणनीति कार्यान्वयनका लागि लाग्ने श्रोत साधन व्यवस्था गर्नु स्थानीय तहको प्रमुख दायित्व हुनेछ । स्थानीय तहको निकायले आ-आफ्नो योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रकृयामा जोड दिन आवश्यक हुनेछ । यो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिकाको निर्माण, दक्ष जनशक्तिको आपुर्ति जस्ता विविध कार्यहरूका लागि लाग्ने अनुमानित श्रोत साधनबारे अभ्यास गरी नीति कार्यान्वयनका लागि बन्ने कार्ययोजनामा उल्लेख गरिने छ । यसका लागि आन्तरिक तथा बाह्य श्रोत समेत परिचालन गर्न आवश्यक हुनेछ ।

## १६. कानुनी व्यवस्था

लैङ्गिक समानता रणनीतिलाई गाँउसभाको बैठकले अनुमोदन गरी कार्यान्वयनमा ल्याउने छ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनमा लान कानून, नियमावली तथा कार्यविधि र कार्ययोजनाको व्यवस्था गर्न जरूरी हुन्छ । अतः पालिकाले १ वर्ष भित्रमा कानून, नियमावली र कार्य विधिको तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लानेछ ।

## १७. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व :

लैंगिक समानता नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनतहमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख दायित्व गाँउपालीका स्तरिय समितिका प्रमुख लगाएत सदस्यहरुको रहनेछ । साथै यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाँउसभाका सबै जनप्रतिनिधिहरु, वडा, टोल स्तरिय समितिका सदस्यहरु लगाएत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ । विभिन्न समिति तथा समूहहरुलाई क्रियाशिल बनाउन नगर स्तरिय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ ।

स्थानिय सरकारले रणनीति कार्यान्वयनको लागि आवश्यक जनशक्तिको विकास तथा क्षमता अभिबृद्धिमा पनि जोड दिनेछ । तर्जुमा भएका नीति, रणनीति, कार्यविधि तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि संयोजन गर्ने, बजेटको ब्यबस्था गर्ने, फलोअप गर्ने कार्यको गाँउपालीका स्तरिय समिति जिम्मेवार रहनेछ ।

## १८. अनुगमन तथा मुल्याङ्कन

यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा पालिकाले देहाय अनुसारको व्यवस्था गर्नेछ :

१. प्रदेश सरकारको अनुगमन निर्देशिका बमोजिम लैङ्गिक हिंसा नियन्त्रणका लागि सञ्चालित सम्पूर्ण कार्यक्रमहरूको अनुगमन गर्न दिगो विकास लक्ष्यमा आधारित एकिकृत ढांचा बनाउने ।

२. परिणाममा आधारित व्यवस्थापन प्रणाली ९च्भकगति द्यबकभम :बलबनझभलत ( च्द्य:०लाई आधार बनाई अनुगमनका ढाँचा निर्माण गरी आवश्यक जनशक्ति सहित अनुगमनको सुनिश्चतता गर्ने ।

३. स्थानीय स्तरमा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी खण्डीकृत तथ्याङ्क संकलन गर्नका लागि समेत सामाजिक विकास महाशाखा अन्तर्गत चुस्त र प्रभावकारी लैङ्गिक उत्तरदायी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको स्थापना गर्ने ।

४. पालिका र वडा कार्यालयहरू सहित कार्यान्वयन गर्न सहयोगी सरोकारवालाहरूलाई सूचक समेतको लजिकल फ्रेमवर्क बनाई अनुगमन गर्ने विधिबारे प्रशिक्षण दिने ।

५. यस रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्न सहयोगी भूमिकामा रहेका निकाय तथा संघसंस्थाहरूलाई प्रशिक्षण दिई एउटै टेम्पलेटमा प्रतिवेदन तयार पारी पेश गर्ने परिपाटी बसाल्ने ।

६. हिंसा प्रभावितहरूप्रति हुनुपर्ने सामाजिक तथा पारिवारिक संरक्षण र सहायता बारे वडा कार्यालयहरुको समन्वय र जवाफदेहीतामा सामुदायिक अनुगमन तथा मूल्यांकन प्रणाली सम्बन्धी निर्देशिका तयार गरीसरोकारवालाहरूलाई सुसूचित गर्ने ।

७. रणनीति तथा कार्ययोजनाको कार्यान्वयन र प्रभावकारिता बारे स्वतन्त्र परामर्शदाताहरूबाट मूल्याङ्कन गरी गराई प्राप्त सुझाव अनुसार सुधार गर्ने ।

८. पालिकाअन्तर्गत भएका समग्र प्रयासहरू बारे लैङ्गिक उत्तरदायी अनुगमन गरी एकिकृत प्रतिवेदन तयार पार्ने ।

## १९. जोखिम र न्युनीकरण

लैङ्गिक समानता रणनीतिको प्रकृति र स्वरूप वृद्धि हुनुका साथै बहुपक्षिय सरोकारको विषय भएकोले यसको सफलकार्यान्वयनमा विभिन्न प्रकारका अवरोध आउन सक्छ :

- लैङ्गिक समानता सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुमा साझा बुझाईमा एकरूपता नहुने हुनाले रणनीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुन सक्ने सम्भावना ।
- पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ ।
- सार्वजनिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ ।
- लैङ्गिक समानता रणनीति लागू गर्ने सम्बन्धमा राजनीतिक इच्छा शक्ति कमभएमा नीति कार्यान्वयनमा कठिनाई हुने सम्भावना ।

- लैङ्गिक समानता रणनीति कार्यान्वयनमा दक्ष जनशक्ति तथा वित्तिय स्रोतको अभावमा गतिरोध उत्पन्न हुन सक्छ।

- लैङ्गिक समानता रणनीति बहुपक्षीय सरोकारको विषय भएकोले समन्वय र सहयोगको अभावमा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी नहुन सक्छ ।

## २०. उपयुक्त जोखिम न्यूनीकरणका लागि पालिकाले ध्यान दिनुपर्ने कुराहरु

- बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने ।
- लैंगिक समानता सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने ।
- पालिकाको लैंगिक समानता सम्बन्धी कार्यहरुको समिक्षा गर्ने ।

(प्रमाणिकरण गर्ने)

नाम :- श्री लाल बहादुर श्रेष्ठ

पदः- अध्यक्ष

बढैयाताल गाउँपालिका कार्यालय,

मैनापोखर ( बर्दिया )

प्रदेश नं. ५ नेपाल